**आकाशवाणी समाचार- नेपाली**

मितिः ३१ दिसम्बर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन - ISRO ले हिज राती सफलतापूर्वक स्पेस डकिंग प्रयोग - स्प्याडेक्स मिशन प्रक्षेपण गरेको छ।

दिल्ली पुलिसले निजामुद्दीन, कालिन्दी कुञ्ज, शाहीन बाग र सरिता विहार जस्ता क्षेत्रहरूबाट १२ बंगलादेशी घुसपैठहरूलाई हिरासतमा लिएको छ।

सुरक्षा र द्विपक्षीय सम्बन्ध विस्तार गर्ने उद्देश्यले नेपाल–भारत सैन्य अभ्यासको १८औँ संस्करण आजदेखि नेपालको रुपन्देहीको सालझण्डीमा शुरु हुँदैछ ।

आकाशवाणीको समाचार सेवा प्रभागले आज अंग्रेजीमा 30 मिनटको एक विशेष कार्यक्रम- **'2024 : दी इयर दैट वाज, द मैमोरीज दैट रिमेन'** प्रसारित गर्नेछ।

**संशो इसरो स्पैडेक्स लॉन्च**

भारतीय अन्तरिक्ष अनुसन्धान संगठन - ISRO ले हिज राती सफलतापूर्वक स्पेस डकिंग प्रयोग - स्प्याडेक्स मिशन प्रक्षेपण गरेको छ। ISRO को PSLV-C60 रकेट श्रीहरिकोटाको सतीश धवन स्पेस सेन्टरबाट दुईवटा अन्तरिक्ष यानसँग प्रक्षेपण गरिएको थियो। यसले अन्तरिक्षमा डकिङ प्रदर्शन गर्न मद्दत गर्नेछ। PSLV-C60 रकेटले सफलतापूर्वक SDX-01 नामक दुई उपग्रहहरू चेजर र SDX-02 अर्थात् पृथ्वीको तल्लो कक्षामा स्थापित गरिएको छ। यी दुवै उपग्रहलाई अन्तरिक्षमा डकिङ गर्ने उद्देश्य पूरा गर्न आगामी दश दिनमा अगाडि सारिनेछ। स्प्याडेक्स मिसनले अन्तरिक्ष-डकिङ क्षमताको लागि उन्नत प्रविधि प्रदर्शन गर्ने लक्ष्य राखेको छ, जुन चन्द्र अभियान र भारतीय अन्तरिक्ष स्टेशन जस्ता भविष्यका कार्यक्रमहरूको लागि अत्यन्त महत्त्वपूर्ण छ। स्प्याडेक्स मिसनले भारतको कक्षीय डकिङ क्षमताहरू अगाडि बढाउने दिशामा एउटा महत्त्वपूर्ण कदम प्रतिनिधित्व गर्दछ। यसको सफल समापनले जटिल अन्तरिक्ष कार्यक्रमहरू सञ्चालन गर्न र अन्य ग्रहहरूमा भविष्यका मिसनहरूको लागि मार्ग प्रशस्त गर्ने ISRO को क्षमता बढाउनेछ।

सफल प्रक्षेपण पछि, इसरो अध्यक्ष एस सोमनाथले दुबै उपग्रहको प्यानल सफलतापूर्वक तैनात गरिएको बताउनु भयो। अबका केही दिनहरूमा, चेजर भनेर चिनिने SDX-01, र लक्ष्य भनेर चिनिने SDX-02, लगभग २० किलोमिटरको दूरीमा यात्रा गर्नेछन् र त्यसपछि भेटघाट र डकिङ प्रक्रिया सुरु हुनेछ जब दुवै उपग्रहहरू नजिक आउनेछन् र एउटामा देखिनेछ।

*************

**दिल्ली पुलिस घुसपैठिये**

दिल्ली पुलिसले निजामुद्दीन, कालिन्दी कुञ्ज, शाहीन बाग र सरिता विहार जस्ता क्षेत्रहरूबाट १२ बंगलादेशी घुसपैठहरूलाई हिरासतमा लिएको छ। उनीहरु सबैलाई हिरासत शिविरमा पठाइएको छ । पुलिस उपायुक्त रवि कुमार सिंहले सञ्चारमाध्यमलाई भन्नुभयो की दिल्ली पुलिसलव लगभग १२ सय जनाको पुष्टि गरिसकेको र यस सम्बन्धमा जानकारी पाएपछि भविष्यमा पनि यस्तै गर्ने बताएको छ।दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले दिल्ली र राष्ट्रिय राजधानी क्षेत्रमा बंगलादेशी घुसपैठकर्ताहरूको पहिचान गर्न र उनीहरूलाई कडा कारबाही गर्न विशेष अभियान चलाउन आदेश दिनुभएको थियो। दिल्ली पुलिसले यी घुसपैठहरूलाई पहिचान गर्न संदिग्ध क्षेत्रहरूमा मतदाता परिचय पत्र र आधार कार्डहरू जाँच गरिरहेको छ। यसबाहेक बंगलादेशबाट अवैध रूपमा भारत प्रवेश गर्दा प्रयोग हुने रुट पहिचान गर्ने काम पनि भइरहेको छ ।

************

**मध्य प्रदेश-कचरे से कंचन**

मध्यप्रदेशमा प्रधानमन्त्री नरेन्द्र मोदीको मन्त्र पछयाउँदै 'कचरा से कञ्चन' प्रक्रियाबाट कृषिजन्य फोहोरबाट विभिन्न उत्पादनहरू बनाइँदैछ। यी उत्पादनहरूमध्ये सबैभन्दा प्रख्यात केरा बालीको फोहोरबाट तयार पारिएको बुरहानपुर टोपी हो, जसका लागि भारतीय मात्र होइन अहिले विदेशमा पनि यसको अनलाइन माग बढेको छ।

***********

**यातायात परामर्श - नया साल**

नयाँ वर्षलाई ध्यानमा राखेर दिल्ली पुलिसले यातायात परामर्श अर्थात ट्राफिक एडभाइजरी जारी गरेको छ। दिल्ली ट्राफिक पुलिसका अतिरिक्त पुलिस आयुक्त दिनेशकुमार गुप्ताले कनाट प्लेस आसपासका क्षेत्रमा आज राति ८ बजेदेखि नयाँ वर्षको समापनसम्म प्रतिबन्ध लगाइने बताउनु भएको छ। यो प्रतिबन्ध सबै निजी र सार्वजनिक यातायातका सवारी साधनमा लागू हुने बताउदै नयाँ दिल्ली, इन्डिया गेट र आसपासका क्षेत्रमा पुलिसको उपस्थिति सुनिश्चित गरिनेछ।

***********

**भारत- नेपाल सैन्य कूटनीति**

सुरक्षा र द्विपक्षीय सम्बन्ध विस्तार गर्ने उद्देश्यले नेपाल–भारत सैन्य अभ्यासको १८औँ संस्करण आजदेखि  नेपालको रुपन्देहीको सालझण्डीमा शुरु हुँदैछ। 'सूर्य किरण' नाम दिइएको गणस्तरीय संयुक्त सैन्य अभ्यासमा जङ्गल युद्ध, कठिन भौगोलिक क्षेत्रहरूमा आतङ्कवादको सामना, संयुक्त राष्ट्रसङ्घको चाटर अनुसार शान्ति मिसनको स्थापना, आपदा प्रबंधन तथा राहत परिचालनमा मानवीय सहायता, आन्तरिक क्षमता अभिवृद्धि र वातावरण संरक्षणमा केन्द्रित छ। दुई साता लामो प्रशिक्षणमा नेपाली सेनाको श्रीजङ्ग बटालियन र भारतीय सेनाको ११औँ गोर्खा राइफल्सको सहभागिता रहनेछ। संयुक्त सैन्य तालिमले नेपाल र भारतबीच मैत्रीपूर्ण सम्बन्ध र विश्वास अभिवृद्धि गर्नुका साथै सांस्कृतिक सम्बन्ध विस्तार गर्ने अपेक्षा गरिएको छ। यसले व्यावसायिक सहयोग पनि बढाउनेछ। संयुक्त अभ्यासको १७ औं संस्करण गत वर्ष भारतको पिथौरागढमा सम्पन्न भएको थियो।

***********

**रूस-यूक्रेन**

रुस र युक्रेनले संयुक्त अरब इमिरेट्सको सहयोगमा भएको सम्झौता अन्तर्गत सयौं युद्धबन्दीहरुलाई आदानप्रदान गरेका छन्। रुसको रक्षा मन्त्रालयले आफ्ना १५० सैनिकको सट्टामा त्यति नै युक्रेनी सैनिक रिहा गरेको जनाएको छ। यसै क्रममा युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले आफ्नो देशका १८९ सैनिक फिर्ता भएको बताएका छन्। उहाँले मुक्त गरिएका सैनिकहरूमा एजोभस्टाल र मारियुपोल साथै चेर्नोबिल परमाणु ऊर्जा संयंत्र र स्नेक आइल्याण्डको रक्षा गर्नेहरू पनि समावेश भएको बताउनुभयो। मई 2022 मा, रूसले युक्रेनको दक्षिण-पूर्वी बन्दरगाह सहर मारिउपोलमा महिनौंको लडाई र शहरको अजोभस्टल स्टिल प्लान्टको रक्षा गर्ने सेनाको आत्मसमर्पण पछि विजयको घोषणा गरेको थियो। रुसी सेनाले फेब्रुअरी २०२२ मा युक्रेनमा आफ्नो आक्रमणको सुरुमा देशको उत्तरपश्चिममा चेरनोबिल कब्जा गरे तर पछि प्लान्टको नियन्त्रण आफ्ना कामदारहरूलाई फिर्ता दिए। २०२२ मा स्नेक आइल्याण्ड पनि कब्जामा लिएको थियो र युक्रेनी सैनिकहरूलाई बन्दी बनाएको थियो तर पछि रूसी बन्धकहरूको बदलामा रिहा गरियो।युक्रेनले, रुसले युद्ध सुरु भएदेखि नै सम्झौताअनुसार सैनिक र सर्वसाधारणसहित कुल ३ हजार ९५६ जनालाई रिहा गरेको जनाएको छ।

***********

**अनिवार्य घोषणा- (विशेष कार्यक्रम )**

आकाशवाणीको समाचार सेवा प्रभागले आज अंग्रेजीमा 30 मिनटको एक विशेष कार्यक्रम- **'2024 : दी इयर दैट वाज, द मैमोरीज दैट रिमेन'** प्रसारित गर्नेछ।  यो कार्यक्रम एफ.एम. गोल्ड चैनल, एक सय दशमलव एक अनि अन्य मीटरहरुमा राती 8 बजी प्रसारित गरिना छ। कार्यक्रम हाम्रो वेबसाइट **न्यूज़ ऑन एयर डॉट गॉव डॉट इन** अनि हाम्रो

यूट्यूब चैनल **आकाशवाणी ए.आई.आर.** तथा **न्यूज़ ऑन एयर ऑफिशियल** मा पनि उपलब्ध रहने छ।

*************

**नेपाल-तमु लोसर**

नेपालमा गुरुङ समुदायले वर्षलाई बिदाइ गर्न हिजो तमु ल्होसार पर्व मनाएका छन। गुरुङ भाषामा 'लो' को अर्थ वर्ष वा उमेर र 'सर' को अर्थ परिवर्तन हो। गुरुङ समुदायका सदस्यले भोजभतेर र सांस्कृतिक कार्यक्रमको आयोजना गरी यो पर्व मनाउँछन्। तमु ल्होसार पर्व नेपालका गुरुङ बाहुल्य जिल्लाहरुमा धुमधामका साथ मनाइन्छ।
नेपालको उच्च पहाडी तथा हिमाली भेगका गुरुङ समुदायमा यो नयाँ वर्ष हो। यो पर्व पौष महिनाको १५ गतेको दिन मनाइने गरिन्छ। यसैबीच सरकारले तमु लोसारको अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरेको थियो।

*************

**आयकर विभाग-डिजी यात्रा**

सरकारले कर चोरहरूलाई समात्न डिजी यात्राको प्रयोग गरिने भन्ने मिडिया रिपोर्टहरूको खण्डन गरेको छ। नागरिक उड्डयन मन्त्रालयले डिजी यात्रामा यस्ता रिपोर्टहरू आधारहीन र गलत दाबीहरूमा आधारित रहेको स्पष्ट पारेको छ। 'डिजी यात्रामा रहेका यात्रुको तथ्यांक भारतीय कर अधिकारीसँग बाँडिएको छैन। डिजी यात्रा एपले स्व-संप्रभु पहचान मोडेलको अनुसरण गर्दछ, जसमा व्यक्तिगत डाटा कुनै केन्द्रीकृत प्रणालीमा नभई प्रयोगकर्ताको डिभाइसमा भण्डारण गरिन्छ। यदि कुनै प्रयोगकर्ताले डिजी यात्रा एप अनइन्स्टल गरेमा डाटा पूर्णरुपमा डिलिट हुने मन्त्रालयले जनाएको छ। थप रूपमा, पुरानो यात्री तथ्याङ्कहरू स्वचालित रूपमा प्रस्थान को 24 घण्टा भित्र मेटिन्छ। डिजी यात्रा आन्तरिक यात्रुका लागि मात्र हुने र अन्तर्राष्ट्रिय यात्रुका लागि प्रयोग नहुने मन्त्रालयले जनाएको छ। यसैबीच आयकर विभागले पनि अहिलेसम्म त्यस्तो कुनै कदम नचालेको स्पष्ट पारेको छ। डिजी यात्रा फेसियल रिकग्निसन टेक्नोलोजी हो जुन विभिन्न विमानस्थलहरूमा यात्रुहरूको सम्पर्करहित र निर्बाध आवागमनको लागि प्रयोग गरिन्छ।

*************

**दिल्ली एलजी-आतिशी**

दिल्लीका उपराज्यपाल विनय कुमार सक्सेनाले दिल्ली की मुख्यमंत्री आतिशीलाई अस्थायी मुख्यमंत्री भनेकोमा आम आदमी पार्टीका राष्ट्रीय संयोजक अरविंद केजरीवालको आलोचना गर्नुभएको छ। उपराज्यपालले श्री केजरीवालको टिप्पणीलाई आपत्तिजनक बताउनुभएको छ। श्री सक्सेनाले सुश्री आतिशीलाई पत्र लेखेर मीडियामा सार्वजनिक रूपले सुश्री आतिशीलाई अस्थायी मुख्यमंत्री घोषित गर्न अरविंद केजरीवालका लागी अपमानजनक रहेको बताउनु हेअको छ। उपराज्यपालले अरविंद केजरीवाल द्वारा घोषित महिला सम्मान योजना माथी प्रकाश पर्नुभयो अनि मुख्यमंत्रीको उपस्थितिमा यस प्रकारको घोषणाले मुख्यमंत्री पदको गरिमा धूमिल भएको बताउनु भयो। तर, मुख्यमन्त्री आतिशीले पत्रको जवाफ दिँदै यसलाई राजनीति भन्नुभएको छ। उहाँले अरविन्द केजरीवालले देखाएको बाटोमा सरकार चलिरहेको बताउनु भएको छ।

*************

**एनसीडब्ल्यू चेन्नई**

राष्ट्रिय महिला आयोगले चेन्नईको अन्ना युनिभर्सिटीमा भएको यौन उत्पीडनको घटनाको विस्तृत अनुसन्धान गरेको जनाएको छ। आयोगले युनिभर्सिटीमा भएको घटनाको आफैँ जानकारी लिएपछि छानबिन गर्न एक समिति चेन्नई पठाइएको जनाएको छ। समितिले घटनाको उचित समीक्षा र जारी अनुसन्धान सुनिश्चित गर्न धेरै कदम चालेको छ। समितिले पीडित र उनका आफन्तलाई भेटेर घटनाबारे जानकारी लिन र आवश्यक सहयोग उपलब्ध गराएको थियो। यस अतरिक्त समितिले तमिलनाडुका गभर्नरसँग बैठक पनि गरेको छ र गृह सचिव, पुलिस महानिदेशक र चेन्नईका आयुक्तसँग पनि द्रुत र उचित कारबाही सुनिश्चित गर्न अन्तरक्रिया गरेको छ। आयोगले पीडितलाई न्याय सुनिश्चित गर्न र शैक्षिक संस्थामा सुरक्षा व्यवस्था सुद्रिड बनाउन प्रतिबद्ध रहेको जनाएको छ। समितिको सिफारिससको विस्तृत प्रतिवेदन छिट्टै राष्ट्रिय महिला आयोगका अध्यक्षलाई बुझाइने छ।

*************

**<u>ग्लास ब्रिज- कन्याकुमारी</u>**

तमिलनाडुमा, प्रतिष्ठित पर्यटन स्थल कन्याकुमारीको मुकुटमा अर्को रत्न थपिएको छ। समुद्रमा भारतको पहिलो सिसाको पुलको हिजो उद्घाटन गरिएको थियो। तमिलनाडुका मुख्यमन्त्री एमके स्टालिनले क्लासिक ग्लास ब्रिजको अनावरण गर्नुभयो। यो पुलले १३३ फिट अग्लो सेन्ट थिरुवल्लुवर प्रतिमा र विवेकानन्द रक मेमोरियललाई जोड्छ। यस पुलले पर्यटकहरूलाई तल घुमिरहेको समुन्द्र हेर्दै ऐतिहासिक स्थलहरूमा हावामा हिड्ने मौका दिनेछ। ३७ करोडको लागतमा निर्माण गरिएको ७७ मिटर लामो पुलको तिरुवल्लुवर प्रतिमाको रजत जयन्ती समारोहको एक हिस्साको रूपमा उद्घाटन गरिएको थियो, जसलाई अहिले राज्य सरकारले स्टैच्यू ऑफ विजडम नाम दिएको छ।

*************